नेपाल सरकार
अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

प्रेस विज्ञप्ति

# माननीय अर्थमन्त्री डा. स्वर्णिम वाग्लेको औपचारिक भारत भ्रमण सम्पन्न

माननीय अर्थमन्त्री डा. स्वर्णिम वाग्ले मित्र राष्ट्र भारतको औपचारिक निमन्त्रणामा त्रिदिवसीय भ्रमण सम्पन्न गरी २०८३ असोज ३ गते (१९ सेप्टेम्बर २०२६) स्वदेश फिर्ता हुनुभएको छ। भ्रमणका क्रममा द्विपक्षीय उच्चस्तरीय भेटवार्ता, कूटनीतिक संवाद तथा व्यावसायिक एवं नीतिगत छलफलहरू सम्पन्न भएका छन्। भ्रमणको पहिलो दिन असोज १ गते बिहान काठमाडौंबाट नयाँ दिल्ली पुग्नुभएका माननीय अर्थमन्त्रीले नयाँ दिल्लीस्थित कर्तव्य भवन-१ मा भारतकी माननीय अर्थमन्त्री श्रीमती निर्मला सीतारमणसँग द्विपक्षीय भेटवार्ता गर्नुभयो। सोही साँझ उहाँ नयाँ दिल्लीस्थित नेपाली राजदूतावासका कार्यवाहक राजदूत (CdA) द्वारा आयोजित स्वागत समारोहमा सहभागी हुनुभयो।

भ्रमणको दोस्रो दिन असोज २ गते साँझ भारत सरकारका माननीय विदेश मन्त्री डा. एस. जयशंकरसँग उहाँको सरकारी निवासमा भेटवार्तामा सहभागी हुनुभयो। सोही दिन बिहान इन्डिया इन्टरनेसनल सेन्टर (IIC) मा नेपालको लागि भारतीय राजदूतको भूमिका निर्वाह गरिसक्नुभएका भारत सरकारका पूर्व विदेश सचिव श्री श्याम शरणले आयोजना गर्नुभएको कूटनीतिक गोलमेच छलफल (Diplomatic Roundtable) मा सहभागी हुनुभयो। तत् पश्चात् भारत व्यापार प्रवर्द्धन संगठन (ITPO) का अध्यक्ष श्री जावेद असरफद्वारा भारत मण्डपममा आयोजित विभिन्न उच्च सरकारी, व्यावसायिक, सञ्चार एवं प्राज्ञिक प्रतिनिधिहरू समेतको सहभागिता रहेको रात्रिभोज बैठकमा माननीय अर्थमन्त्री सहभागी हुनुभयो।

भ्रमणको अन्तिम दिन असोज ३ गते नेपाली राजदूतावासद्वारा संविधान दिवसको अवसरमा आयोजित कार्यक्रममा माननीय अर्थमन्त्री सहभागी हुनुभयो। सो पश्चात् भारतीय उद्योग परिसंघ (CII) द्वारा इन्डिया ह्याबिट्याट सेन्टर (IHC) मा आयोजित व्यापारिक गोलमेच सम्मेलन (Business Roundtable) दिल्ली स्कुल अफ इकोनोमिक्स एवं Research and Information System for Developing Countries (RIS) को सहआयोजनामा 'पोलिसी राउन्डटेबल' (Policy Roundtable) मा सहभागी हुनुभयो। प्रवासी नेपालीहरू र "द हिन्दू" लगायत करिब एक दर्जन सञ्चार माध्यमसँग अन्तर्क्रिया समेत गर्दै सबै निर्धारित कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न गरी माननीय अर्थमन्त्री असोज ३ गते साँझ काठमाडौं फिर्ता हुनुभएको छ।

मिति:वि.सं २०८३ असोज ४ गते आइतबार

ने.सं.११४६ञलाथ्व नवमी

..........................

अमृत लम्साल

(सहसचिव/प्रवक्ता)

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np